REGIONAL NEWS UNIT

BROADCAST: 18:40hrs DATE: 16.01.2026

आकाशवाणी

## राज्य क्षमता निर्माण संस्थान (SICB)-ले क्षेत्रस्तरीय विश्व सीप प्रतियोगिताका योग्य सहभागीहरूलाई जनाए सम्मान

सिक्किम सरकारको सीप विकास विभाग अन्तर्गत राज्य क्षमता निर्माण संस्थान (SICB)-ले क्षेत्रस्तरीय विश्व सीप प्रतियोगितामा योग्यता हासिल गरेका सहभागीहरूलाई सम्मान गरेको छ। सिक्किमका राज्यपाल ओम प्रकाश माथुर समारोहमा प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

योग्य सहभागीहरूको उत्कृष्ट सीप, समर्पण र उपलब्धिहरूलाई स्वीकार गर्दै मुख्यमन्त्री प्रेम सिंह तामाङले औपचारिक रूपमा पदक र योग्यता प्रमाणपत्र प्रदान गर्नुभयो।

भारत सरकारको सीप विकास तथा उद्यमशीलता मन्त्रालय (MSDE) को द्विवार्षिक राष्ट्रिय पहल, भारत कौशल प्रतियोगिताले राष्ट्रिय मापदण्डहरूलाई विश्वव्यापी मानकहरूसँग मिलाउँदै युवा भारतीयहरूको सीप पहिचान गर्ने र उत्सव मनाउने लक्ष्य राखेको छ।

## तीन दिने फ्लाइङ फेस्टिभल र प्याराग्लाइडिङ एक्युरेसी च्याम्पियनसिप २०२६ पाकिमको थुम्की र अम्बा डाँडामा आजदेखि शुरु

पाकिमको थुम्की र अम्बा डाँडामा आजदेखि तीन दिने फ्लाइङ फेस्टिभल र पाराग्लाइडिङ एक्युरेसी च्याम्पियनसिप-2026 शुरु भयो। रिनाकलाई साहसिक पर्यटन गन्तव्य स्थलको रूपमा प्रवर्द्धन गर्ने उद्देश्यले मुख्यमन्त्रीको पहलमा पर्यटन तथा नागरिक उड्डयन विभागसँगको सहकार्यमा रिनाक पर्यटन विकास समाजले यो कार्यक्रम आयोजना गरिरहेको छ।

आजदेखि १८ जनवरीसम्म तय भएको प्याराग्लाइडिङ एक्युरेसी च्याम्पियनसिपमा नेपाल, मिजोरम, असम, मेघालय, सीमावर्ती क्षेत्रीय परिषद्, हिमाचल प्रदेश, उत्तराखण्ड, पश्चिम बंगाल, सिक्किम,

लद्दाख, गोवा र अरुणाचल प्रदेश लगायत देशभरीका ६२ जना प्यारागलाइडरहरूको सहभागिता रहेको थियो।

अम्बा र थुम्की डाँडाबाट उडान आरम्भ गरिएका छन्। मौसमको अवस्था अनुसार २० सेन्टिमिटरको इलेक्ट्रोनिक लक्ष्य उपकरण प्रयोग गरेर यसको मूल्याङ्कन गरिँदैछ, जसमा न्यूनतम चार राउन्ड र अधिकतम बाह्र राउन्ड हुनेछन्।

## सोरेङमा 77औँ गणतन्त्र दिवस तयारीबारे जिल्लापाल धीरज सुवेदीको अध्यक्षतामा सभा सम्पन्न

जिल्ला प्रशासनिक केन्द्र (DAC) सोरेङको जिल्ला कार्यालयका प्रमुखहरूको एउटा सभा जिल्लापाल धीरज सुवेदीको अध्यक्षतामा सन्पन्न भयो। यो सभा आगामी ७७ औँ गणतन्त्र दिवस समारोहको तयारीबारे समम्पन्न गरिएको थियो।

सभाले निमन्त्रणा व्यवस्था, स्थल सजावट, बस्ने व्यवस्था, सांस्कृतिक प्रदर्शन र अग्रपंक्तिका योद्धाहरूको सम्मान सहित तयारी कार्यका विभिन्न पक्षहरूमाथि छलफल गर्यो। सम्मान समारोहमा मान्यता नपाएका अग्रपंक्तिका कामदारहरू समावेश हुने कुरामा सभाले जोड दियो। यसका साथै सम्बन्धित विभाग र एजेन्सीहरूलाई क्षेत्रगत जिम्मेवारी पनि सभामा तोकिएको थियो।

## क्षेत्रका विधायक सुब्बाद्वारा देन्ताम बाजर नजिकै सामुदायिक सरसफाई परिसर एवम् पान दोकान उद्घाटन गर्नुभयो

क्षेत्र विधायक तथा पर्यटन एवम् नागरिक उड्डयन विभागका सल्लाकार सुदेश कुमार सुब्बाले आज देन्ताम बजार नजिकै निर्मित सामुदायिक सरसफाई परिसर एवम् पान दोकान उद्घाटन गर्नुभयो। यस कार्यले समुदाय स्तरमा सरसफाई पूर्वाधारलाई सुदृढ पार्ने र स्वच्छता अभ्यासहरूलाई प्रवर्द्धन गर्ने दिशामा एउटा महत्वपूर्ण कदम चाल्नेछ। यो परियोजना स्वच्छ भारत मिसन (ग्रामीण), १५ औँ वित्त आयोग कोष र मानव संसाधन विकास-एचडीएफसी परिवर्तन सीएसआर पहल अन्तर्गत पीपीएचएफको सहयोगमा कार्यान्वयन गरिएको छ।

HRDP-HDFC परिवर्तन CSR पहल अन्तर्गत सेनेटरी प्याड भेन्डिङ मेसिन, सेनेटरी प्याड डिस्ट्रोयर मेसिन, सेनेटरी वस्तुहरू थप सहयोगका रूपमा प्रदान गरिएको छ।

उद्घाटन कार्यक्रममा मुख्यमन्त्रीका अतिरिक्त राजनीतिक सचिव मधुसूदन शर्मा, निर्देशक एवम् एडीसी (विकास) सुरत गुरुङ लगायत सम्बन्धित विभागीय अधिकारी तथा स्थानीय पञ्चायतगण, जनता उपस्थित थिए।

**नोङ्सेह स्पोर्टिङ क्लब शिलोङ अखिल भारतीय मुख्यमन्त्री गोल्ड कप फुटबल प्रतियोगिता २०२६ को सेमिफाइनल चरणमा प्रवेश**

दक्षिण सिक्किमको जोरथाङ फुटबल स्टेडियममा जारी ११ औँ अखिल भारतीय मुख्यमन्त्री गोल्ड कप फुटबल प्रतियोगिता २०२६ को सेमिफाइनल चरणमा नोङ्सेह स्पोर्टिङ क्लब शिलोङ पनि प्रवेश गरेको छ। आज खेलिएको तेस्रो क्वार्टरफाइनल खेलमा नोङ्सेह स्पोर्टिङ क्लब शिलोङले नेरोका फुटबल क्लब, मणिपुरलाई ४-० ले पराजित गर्दै प्रतियोगिताबाट बाहिर निकालेको छ।

अन्तिम क्वार्टरफाइनल खेल शनिबार बीएसएफ जालन्धर र पारो फुटबल क्लब भुटानबीच खेलिनेछ।

यो प्रतियोगिता जोरथाङ फुटबल संघले सिक्किम सरकारको खेलकुद तथा युवा मामिला विभाग, सिक्किम फुटबल संघ र माघे संक्रान्ति मेलाको आयोजक समितिसँगको सहकार्यमा आयोजना गरिरहेको छ।

**गान्तोक जिल्लाका बागवानी विभागका कर्मचारीहरूका लागि जाडोमा किवी फलफूलको छाँट्ने र खेती गर्ने सम्बन्धी एक दिने क्षेत्रीय तालिम कार्यक्रम सम्पन्न**

आज गान्तोक जिल्लाका बागवानी विभागका कर्मचारीहरूका लागि जाडोमा किवी फलफूल छाँट्ने र खेती गर्ने सम्बन्धी एक दिने क्षेत्रीय तालिम कार्यक्रम आईसीआर अनुसन्धान परिसरमा सम्पन्न भयो। यो कार्यक्रम NEH क्षेत्रका लागि सिक्किम केन्द्र तादोङ गान्तोकले राज्य सरकारको बागवानी विभागसँगको सहकार्यमा आयोजना गरेको हो। कार्यक्रममा गान्तोक जिल्लाका ६८ स्थलकर्मीले भाग लिएका थिए।

---------------